वर्ष ५० | अङ्क ४ | पुस २०८२ | डिसेम्बर-जनवरी २०२५

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आ.व. २०८२/८३ को निम्ति जारी गरिएको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०८२ मङ्सिर १५ गते उक्त समीक्षा सार्वजनिक गरेको हो।


आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको
पहिलो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
२०८२ मंसिर १५

मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिको स्थिति र वित्तीय क्षेत्रलगायत अर्थतन्त्रको परिदृश्यको आधारमा मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिई केही नियामकीय व्यवस्थामा परिमार्जन गरिएको समीक्षामा उल्लेख छ। समीक्षामार्फत स्थायी तरलता सुविधा दरलाई ६.० प्रतिशतबाट ५.७५ प्रतिशत र नीतिगत दरलाई ४.५ प्रतिशतबाट ४.२५ प्रतिशत कायम गरिएको छ। ब्याजदर करिडोरको तल्लो सीमाको रूपमा रहेको स्थायी निक्षेप सुविधा दरलाई भने २.७५ प्रतिशतमा यथावत् राखिएको छ। अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ।

बैंक तथा वित्तीय संस्थाले संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत विन्दुले कम गर्नुपर्ने विद्यमान व्यवस्थालाई खारेज गरिने समीक्षामा उल्लेख छ। यसै गरी, बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.एक करोड कायम गरिने जनाइएको छ।

लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा रु.७ लाखबाट वृद्धि गरी रु.१५ लाख कायम गरिने र लघुवित्त वित्तीय संस्थाबाट ऋण प्राप्त गरेका ऋणीको समस्यालाई ध्यानमा राख्दै कर्जा भुक्तानीको तालिका परिमार्जन गर्न सकिने व्यवस्था समीक्षामा छ। समीक्षाले हालैको बाढी/पहिरोबाट प्रभावित इलामलगायत अन्य जिल्लाका उद्यम/व्यवसायका लागि प्रवाहित कर्जा बैंक तथा वित्तीय संस्थाले न्यूनतम १० प्रतिशत ब्याज असुल गरी एक पटकको लागि पुनर्संरचना/पुनरतालिकीकरण गर्नसक्ने व्यवस्था गरेको छ।

अन्तर्राष्ट्रिय असल अभ्यास र आन्तरिक रूपमा विकसित प्रचलनलाई दृष्टिगत गर्दै बैंक तथा वित्तीय संस्थामा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धिका लागि 'Anti Bribery and Corruption Policy' सम्बन्धी व्यवस्था गरिने समीक्षामा उल्लेख छ।

चालु आर्थिक वर्षको मौद्रिक नीति र पहिलो त्रैमासिक समीक्षामा गरिएका व्यवस्थाबाट मूल्य, बाह्य क्षेत्र र वित्तीय क्षेत्र स्थायित्व कायम हुँदै आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अपेक्षा राष्ट्र बैंकले राखेको छ। ■

Executive Discussion कार्यक्रम आरम्भ

गभर्नरको कार्यालयले आर्थिक तथा वित्तीय क्षेत्रका समसामयिक विषयमा छलफल गर्ने उद्देश्यले 'Executive Discussion' विषयक कार्यक्रम आरम्भ गरेको छ।

यसै सन्दर्भमा कार्यालयले मङ्सिर २६ गते पहिलो पटक उक्त कार्यक्रम आयोजना गऱ्यो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा आयोजित कार्यक्रममा उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो।

सो अवसरमा गभर्नर पौडेलले उक्त कार्यक्रम थालनीको सन्दर्भबारे चर्चा गर्दै सूचना प्रविधि र नवप्रवर्तनको विकासका कारण सिर्जित चुनौतीलाई सम्बोधन गर्नेगरी नियामकीय र सुपरिवेक्षकीय व्यवस्था अवलम्बन गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो। वित्तीय क्षेत्रका समसामयिक विषयमा छलफल गर्ने सन्दर्भमा उक्त कार्यक्रम सार्थक हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले 'Stablecoin' विषयमा सङ्क्षिप्त वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले Stablecoin को अवधारणा, यसको अन्तर्राष्ट्रिय अभ्यास, सम्भावित लाभ, सम्भाव्य जोखिम र चुनौतीबारे जानकारी दिनुभयो। सुवेदीको प्रस्तुतिमाथि निर्देशकत्रय शुभाषचन्द्र घिमिरे, डा. राजनकृष्ण पन्त र कृष्णराम धुँजुले टिप्पणी गर्नुभयो भने अन्य सहभागीका तर्फबाट समेत Stablecoin का विविध पक्षमाथि आ-आफ्नो धारणा राखिएको थियो।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले समापन मन्तव्य राख्दै नेपाली अर्थतन्त्र विश्व अर्थतन्त्रसँग अन्तरघुलित हुँदै गएको सन्दर्भमा विकसित अर्थतन्त्रका असल नीतिगत अभ्यासबारे छलफल गर्न उक्त कार्यक्रम महत्वपूर्ण मञ्च हुनसक्ने धारणा राख्नुभयो।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले 'Executive Discussion' कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने गभर्नरको कार्यालयका उप-निर्देशक मेदनीप्रसाद पोखेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

'एकीकृत निर्देशन, २०८१' मा संशोधन



केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/०८/०८२/८३

मिति: २०८२/०८/२९

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्न् गराउन् हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८१' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले मङ्सिर २१ गते परिपत्र जारी गर्दै संशोधित व्यवस्थाको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । गत मङ्सिर १५ गते सार्वजनिक गरिएको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा उल्लेखित व्यवस्थालाई कार्यान्वयन गर्नेगरी एकीकृत निर्देशनमा आवश्यक संशोधन र परिमार्जन गरिएको हो ।

संशोधित व्यवस्थाअनुसार हालैको बाढी/पहिरोबाट प्रभावित इलामलगायतका जिल्लाका उद्यम/व्यवसायका लागि प्रवाहित कर्जालाई ऋणीको अनुरोधमा ऋणीको नगद प्रवाह तथा आम्दानीको विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी तोकिएका सर्तहरूको अधीनमा रही बैंक तथा वित्तीय संस्थाले एक पटकका निम्ति कर्जाको पुनरतालिकीकरण र/वा पुनर्संरचना गर्न सकिनेछ । यस्तो पुनरतालिकीकरण वा पुनर्संरचना २०८२ चैत मसान्तभित्र गरिसक्नुपर्नेछ ।

निश्चित प्रयोजन नखुलेका व्यक्तिगत अधिविकर्ष कर्जा, धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा, सेयरको धितोमा प्रदान गरिएको कर्जालगायत जुनसुकै शीर्षकका व्यक्तिगत प्रयोजनका कर्जाको सीमालाई प्रतिव्यक्ति रु.५० लाखबाट रु.एक करोड कायम गरिएको छ । राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थालाई प्रचलित ऐनमा भएको व्यवस्थाअनुसार उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) ५.७५ प्रतिशत कायम गरिएको छ । यसअघि बैंकदर ६.० प्रतिशत थियो । ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर र नीतिगत दरको रूपमा रहेको रिपो दरलाई क्रमशः ५.७५ प्रतिशत र ४.२५ प्रतिशत कायम गरिएको छ ।

यसैबीच, नियमन विभागले मङ्सिर २९ गते 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरेको 'एकीकृत निर्देशन, २०८१' मा पुनः संशोधन र परिमार्जन गरेको छ । उक्त संशोधनका क्रममा कालोसूची सम्बन्धी व्यवस्थामा परिमार्जन गरिएको छ । नयाँ व्यवस्थाअनुसार इजाजतपत्रप्राप्त संस्थाले आफूले प्राप्त गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल हुनेगरी गैरबैंकिङ सम्पत्ति सकार गरेमा ऋणीको कालोसूचीबाट नाम हटाउन सकिनेछ । यसरी सकार गर्दा उक्त सम्पत्तिउपर ऋणीले हकदाबी छोडेको प्रतिवद्धतासमेत लिनुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, समायोजन/गाभ्ने तथा ठेगाना परिवर्तनसम्बन्धी व्यवस्थामा परिमार्जन गरिएको छ । नयाँ व्यवस्थाअनुसार इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्वस्वीकृतिविना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् । तथापि, विद्युतीय भुक्तानी कारोबार बढिरहेको संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयम्ले महानगरपलिकामा रहेका शाखा समायोजन/एकीकरण गर्नसक्ने सुविधा दिइएको छ । यस्तै, सरकारी निकाय वा सार्वजनिक संस्था लक्षित गरी स्थापना भएको शाखाको हकमा उक्त संस्थाको लिखित सहमतिपश्चात् मात्र समायोजन गर्न सकिनेछ । शाखा समायोजन गर्नुपूर्व सरोकारवालाको जानकारीका लागि कम्तीमा ९० (नब्बे) दिनको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका, सम्बन्धित संस्थाको वेबसाइट र उक्त शाखाको सूचनापाटीमा समेत प्रकाशन गर्नुपर्नेछ । दुई वा सोभन्दा बढी शाखा समायोजन हुने अवस्थामा समायोजन हुने शाखाका ग्राहकले उक्त संस्थाको कर्जा चुक्ता गर्न चाहेमा वा अन्य सेवा बन्द गर्न चाहेमा कुनै प्रकारको शुल्क नलिई कर्जा चुक्ता वा सेवा स्थगित गर्नसक्ने व्यवस्था मिलाउनुपर्ने निर्देशनमा उल्लेख छ ।

यसै गरी, 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८१' मा पनि संशोधन तथा परिमार्जन गरिएको छ । यस क्रममा कर्जाको पुनरतालिकीकरण र पुनर्संरचनासम्बन्धी सुविधा, तिनका सर्त र कर्जा नोक्सानीसम्बन्धी व्यवस्थाहरू परिमार्जन भएका छन् ।

संशोधित व्यवस्थाअनुसार विपन्न र न्यून आय भएका समूहमा आबद्ध भएका वा नभएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति बढीमा रु.१५ लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिनेछ । ■

खोटाङमा वित्तीय साक्षरता कार्यक्रम

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले मङ्सिर ५ गते खोटाङको दिक्तेलमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा गभर्नर पौडेलले विपन्न र न्यून आय भएका वर्गमा वित्तीय चेतना अभिवृद्धिमार्फत उद्यमशीलताको विकासका निम्ति बैंक तथा वित्तीय संस्थाको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । साथै, ऋणीले पनि महत्त्वाकांक्षी नभई आफ्नो व्यावसायिक क्षमताका आधारमा कर्जा उपभोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमको पहिलो सत्रमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेलले कर्जा लिनुपूर्वका सर्त र ध्यान दिनुपर्ने विषयमा र महाशाखाका उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले वित्तीय साक्षरताका विविध विषयवस्तुलाई समेटेर वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको छलफल सत्रमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका प्रमुख तीर्थराज भट्टराई र खोटाङ उद्योग वाणिज्य संघका अध्यक्ष राजनप्रसाद आचार्यले खोटाङमा व्यावसायिक विकास र उद्यमशीलताको सम्भावनाबारे चर्चा गर्दै कर्जाको सहजीकरणका निम्ति बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो ।

सो अवसरमा नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेल, मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक एवम् बैंकका प्रवक्ता गुरुप्रसाद पौडेल र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले सहभागीबाट राखिएका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीको समेत उपस्थिति थियो । दिक्तेलस्थित उद्योगी/व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय महिला विद्यार्थीसहित करिब सय जनाको सहभागिता थियो ।

सो अवसरमा महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने गभर्नरको कार्यालयका सहायक निर्देशक रोशन न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

बैंक र आईएफसीबीच जलवायु वित्तको रणनीति विकाससम्बन्धी समझदारी

नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय वित्त निगम(आईएफसी) बीच जलवायु वित्त (क्लाइमेट फाइनान्स) सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा मङ्सिर २९ गते बैंकमा आयोजित कार्यक्रमका बीच उक्त समझदारीपत्रमा हस्ताक्षर भएको हो । सोसम्बन्धी सझदारीपत्रमा बैंकका तर्फबाट गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी र आईएफसी साउथ एसियाका कन्ट्री एडभाइजरी एण्ड इकोनोमिक्ससम्बन्धी व्यवस्थापक ग्रेगरी स्मिथले हस्ताक्षर गर्नुभयो ।

उक्त समझदारीअनुसार आईएफसीले नेपालमा जलवायु वित्त विकासको निम्ति राष्ट्र बैंकलाई प्राविधिक सहायता उपलब्ध गराउनेछ । उक्त परियोजनाअन्तर्गत जलवायु वित्तसम्बन्धी रणनीति र यसको मार्गचित्रको मस्यौदा तयार गरिनेछ । साथै, उक्त रणनीतिलाई चरणबद्ध रूपमा कार्यान्वयनका निम्ति सोसम्बन्धी ढाँचासमेत तयार गरिने जनाइएको छ । यसअन्तर्गत जलवायु वित्तको रणनीति तर्जुमा र कार्यान्वयनका सन्दर्भमा राष्ट्र बैंकको र समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धिका निम्ति आईएफसीले तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनेछन् ।

उक्त परियोजनाको कार्यान्वयनबाट नेपालमा जलवायुसम्बद्ध वित्तीय जोमिखलाई सम्बोधन गर्दै जलवायु अनुकूलनका क्षेत्रमा वित्तीय स्रोत परिचालनलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ । उक्त परियोजनामा युरोपेली युनियनको वित्तीय सहयोग रहने आईएफसीले जनाएको छ । परियोजना सन् २०२८ सेप्टेम्बरसम्म सञ्चालन हुनेछ ।

कार्यक्रममा डेपुटी गभर्नर मिश्रले नेपालको वित्तीय क्षेत्र सुदृढीकरणका निम्ति आईएफसी र राष्ट्र बैंकबीच विगतदेखि नै सहकार्य हुँदै आएको उल्लेख गर्दै नयाँ समझदारीबाट नेपालमा जलवायु वित्तको नीतिगत विकास र कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यसै गरी, आईएफसीका व्यवस्थापक स्मिथले राष्ट्र बैंकसँगको साझेदारीबाट नेपालमा जलवायु वित्तको रणनीतिक विकास र कार्यान्वयन दिशामा परिणाममुखी उपलब्धि हासिल हुने अपेक्षा राख्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेल, निर्देशक गोविन्दप्रसाद नागिला, गभर्नरको कार्यालयका का.मु. निर्देशक सुमन नेउपाने, आईएफसीका आवासीय प्रतिनिधि रथनिजा अरन्दरालगायतका अधिकारीहरूको उपस्थिति थियो ।

पाठ्यक्रम केन्द्रित वित्तीय साक्षरतासम्बन्धी अन्तरक्रिया

गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले मङ्सिर ११ गते काठमाडौंमा विद्यालयस्तरका पाठ्यपुस्तकमा समावेश गर्ने वित्तीय शिक्षा/साक्षरताका विषयवस्तुका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा त्रिभुवन विश्वविद्यालय र शिक्षा मन्त्रालयअन्तर्गतका पाठ्यक्रम विकास केन्द्रका अधिकारी, बैंकका विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरू तथा सामाजिक अध्ययन विषयका पाठ्यपुस्तक विज्ञ/लेखकहरूको सहभागिता थियो ।

सो अवसरमा डा. तिम्सिनाले वित्तीय साक्षरतालाई राष्ट्र बैंकले उच्च प्राथमिकता दिएको उल्लेख गर्दै विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकमार्फत वित्तीय साक्षरता प्रवर्द्धनमा विषयविज्ञ शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । विद्यालय तहमा विद्यार्थीले सिकेका वित्तीय शिक्षासम्बन्धी ज्ञान/सीप दीर्घकालसम्म उपयोगी हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा त्रिवि, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक एवम् सामाजिक अध्ययन विषय समितिका अध्यक्ष प्रा.डा. रामकृष्ण तिवारीले सामाजिक अध्ययन व्यावहारिक विषय भएको उल्लेख गर्दै विद्यालयस्तरको पाठ्यक्रममा वित्तीय साक्षरताका आधारभूत विषयवस्तुलाई तहगत रूपले समेट्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले वित्तीय शिक्षामार्फत विद्यार्थीहरूमा उद्यमशील सोच र भावनाको विकास गराउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा कक्षा ४ देखि १२ सम्मका सामाजिक अध्ययनको पाठ्यक्रममा समावेश गरिने वित्तीय शिक्षासम्बन्धी विषयवस्तुलाई अलग-अलग रूपमा प्रस्तुत गरिएको थियो । त्यसक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र निर्देशक मीना पाण्डेले कक्षा ४-५ को सामाजिक अध्ययनको पाठ्यक्रममा समावेश गर्न सकिने विषयवस्तुबारे प्रस्तुति दिनुभयो । भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिना र निर्देशक शुभाषचन्द्र घिमिरेले कक्षा ६-८ का सम्भावित विषयवस्तुबारे प्रस्तुति दिनुभयो ।

यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक किरण पण्डित

र वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले कक्षा ८-१० र मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र आर्थिक अनुसन्धान विभागका निर्देशक हिमप्रसाद न्यौपानेले कक्षा ११ र १२ का पाठ्यक्रममा समावेश गर्न सकिने विषयवस्तुबारे प्रस्तुति दिनुभएको थियो। प्रस्तुत विषयवस्तुमाथि सहभागीहरूबीच छलफल भई त्यसबारे राय/सुझाव दिइएको थियो।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले समापन मन्तव्य राख्दै वित्तीय शिक्षाका ज्ञान/सीपबारे कक्षाकोठामा चर्चा गर्न र विद्यार्थी वित्तीय साक्षरताका आधारभूत ज्ञान प्रवाह गर्न विषय शिक्षकहरूलाई आग्रह गर्नुभयो।

सो अवसरमा महाशाखाका का.मु. निर्देशक रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक मेरिना नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

विराटनगरमा वित्तीय संस्थाको जोखिम र कर्जाको गुणस्तरसम्बन्धी अन्तरक्रिया

वित्तीय संस्था सुपरिवेक्षण विभागले मङ्सिर ५ गते विराटनगरमा विकास बैंक र वित्त कम्पनीको जोखिम तथा कर्जाको गुणस्तर व्यवस्थापनका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा आयोजित कार्यक्रममा २५ वटा संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा प्रदेश र शाखा प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा डेपुटी गभर्नर मिश्रले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको आकार व्यापक रूपमा विस्तार भएको उल्लेख गर्दै खराब कर्जाको अनुपात पनि बढ्दै गएको टिप्पणी गर्नुभयो। साथै, विगतमा जग्गाको मूल्य उच्च दरले बढेका कारण बैंकिङ क्षेत्रको सम्पत्ति (धितो) को गुणस्तरमा समेत समस्या देखिएको उहाँको भनाइ थियो। संस्थागत सुशासन र सम्पत्ति शुद्धीकरण निवारणको विषयमा संवेदनशील रहन वित्तीय संस्थाका प्रतिनिधिलाई डेपुटी गभर्नर मिश्रले निर्देशन दिनुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक विश्रुत थापाले विकास बैंक र वित्त कम्पनीको जोखिम व्यवस्थापनका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले जोखिम व्यवस्थापनको सैद्धान्तिक पक्ष, विकास बैंक र वित्त कम्पनीको पुँजीकोष अनुपात, कर्जा-निक्षेपको स्थिति, वित्तीय संस्थाको जोखिम व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था र संस्थाको जोखिम व्यवस्थापनको अवस्थाबारे प्रस्तुति दिनुभयो।

यसै गरी, विभागका उप-निर्देशक निरज अधिकारीले 'कर्जाको गुणस्तर व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले कर्जा गुणस्तरको सैद्धान्तिक पक्ष, नियामकीय व्यवस्था, बैंक तथा वित्तीय संस्थाको कर्जा गुणस्तरको विद्यमान प्रवृत्ति, सुपरिवेक्षणमा देखिएका कैफियत, गुणस्तर सुधारका उपायबारे चर्चा गर्नुभयो।

कार्यक्रममा सहभागीका तर्फबाट बढ्दो खराब कर्जा अनुपात, कर्जा असुलीमा देखिएका समस्या, गैर-बैंकिङ सम्पत्तिको व्यवस्थापनमा देखिएका चुनौती, धितो मूल्याङ्कनका प्रक्रियालगायतका विषयमा धारणा राखिएको थियो। कार्यक्रममा सहभागीका तर्फबाट मितेरी डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत अनन्तकुमार चापागाईंले वित्तीय क्षेत्रका विद्यमान स्थिति र अन्य समसामयिक विषयमा मन्तव्य राख्नुभएको थियो।

सो अवसरमा विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले मङ्सिर २४ गते काठमाडौंमा 'Balance of Payment (BOP) Statistics' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यकारी निर्देशक डा. रामशरण खरेलको उपस्थितिमा आयोजित कार्यक्रममा विभागका निर्देशक, उप-निर्देशक, विभिन्न विभागका कर्मचारी र वाणिज्य बैंक तथा विकास बैंकका अनुपालना प्रमुख र रिपोर्टिङ अधिकृतहरूको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा विभागका उप-निर्देशक सोना रानाले 'Overview of Balance of Payments and Reporting System' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विभागबाट तयार गरिने शोधनान्तर तथ्याङ्कसँग सम्बन्धित विषय, तथ्याङ्कीय शुद्धता, तथ्याङ्क तयारीको क्रममा अपनाउनुपर्ने सावधानी, तथ्याङ्क परिष्करणका लागि बैंकले अवलम्बन गरेका प्रक्रिया र निकट भविष्यमा अन्तर्राष्ट्रिय मुद्रा कोषको BPM7 अनुरूपको शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रकाशनका लागि गर्नुपर्ने तयारीबारे जानकारी दिनुभयो । दोस्रो सत्रमा शोधनान्तर तथ्याङ्क तयारीको क्रममा देखिएका समस्या, समाधानका उपाय र आगामी चुनौती तथा सम्भावनाबारे छलफल भयो । विभागका निर्देशक माधव दंगालले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक खरेलले राष्ट्रिय अर्थतन्त्रमा बाह्य क्षेत्रको भूमिका, शोधनान्तर तथ्याङ्कको महत्त्व, तथ्याङ्कको शुद्धता र परिष्करणमा बैंक तथा वित्तीय संस्थाले पुर्‍याइरहेको सहयोग तथा राष्ट्र बैंकबाट भइरहेका प्रयासबारे धारणा राख्नुभयो । विभागका सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

पोखरामा तरलता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

मौद्रिक व्यवस्थापन विभागले मङ्सिर २६ गते पोखरामा तरलता व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलको उपस्थितिमा आयोजित कार्यक्रममा खुला बजार कारोबारमा नियमित रूपमा सहभागी हुँदै आएका काउण्टर पार्टी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा मौद्रिक व्यवस्थापन विभागका उप-निर्देशक सोमराज नेपालीले तरलता व्यवस्थापन सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले तरलता व्यवस्थापनको अवधारणा, तरलताको विद्यमान स्थिति, तरलता व्यवस्थापन तथा खुला बजार कारोबारसम्बन्धी नीतिगत व्यवस्था र उपकरण, आगामी कार्यदिशाबारे जानकारी दिनुभयो । प्रस्तुत कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पोखेलले तरलता व्यवस्थापनमा राष्ट्र बैंकको भूमिकाबारे चर्चा गर्दै ब्याजदरमा आधारित मौद्रिक प्रसार संयन्त्रलाई थप सुदृढ बनाउन ब्याजदर करिडोरको कार्यान्वयन स्थितिका सन्दर्भमा धारणा राख्नुभयो । पोखरा कार्यालयका निर्देशक केशवप्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा मौद्रिक व्यवस्थापन विभागका सहायक निर्देशक कबीन्द्रबाबु बस्नेतले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक ममता केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

सम्पत्ति शुद्धीकरण निवारण र गो-एएमएल रिपोर्टिङसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाइले मङ्सिर १४ गते काठमाडौँमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र गो-एएमएल सिस्टममा हुने रिपोर्टिङका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

नियमनकारी निकाय र विभिन्न एसोसिएनका प्रतिनिधि, गैर-वित्तीय पेसाकर्मी र व्यवसायीको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा प्रधानमन्त्री कार्यालयका सचिव एवम् समन्वय समितिका संयोजक फणिन्द्र गौतमले राष्ट्रिय जोखिम प्रतिवेदन र पारस्परिक मूल्याङ्कनले औँल्याएका कैफियतमा सुधार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । नेपाललाई एफएटीएफको 'ग्रे-लिस्ट' बाहिर निकाल्नका निम्ति सबै नियामक निकायबीच समन्वय भई ठोस प्रयास हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहाल, पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने र भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । सम्पत्ति शुद्धीकरण निवारणका निम्ति जारी भएका कानुन, नीतिगत व्यवस्था र मार्गदर्शनको प्रभावकारी कार्यान्वयनका निम्ति सबै निकायबाट प्रयास हुनुपर्ने उहाँहरूको धारणा थियो । 'गो-एएमएल सिस्टम'मा आबद्ध हुन बाँकी रहेका सूचक संस्थालाई यथाशीघ्र आबद्ध हुन समेत उहाँहरूले आग्रह गर्नुभयो ।

सो अवसरमा कानुन मन्त्रालयका उपसचिव फइन्द्रप्रसाद गुरागाईं, आन्तरिक राजस्व विभागका उपसचिव ऋषिराम पोखेल र पर्यटन मन्त्रालयका उपसचिव लीलाधर अवस्थीले गैर-वित्तीय पेसाकर्मीले पालना गर्नुपर्ने कानुनी व्यवस्था, गैर-वित्तीय क्षेत्रको नियमन/सुपरिवेक्षणलगायतका विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभयो । राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले छलफल सत्रको सहजीकरण गर्दै सहभागीबाट राखिएका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले सम्पत्ति शुद्धीकरण निवारणका निम्ति सरोकारवाला निकायसँग समन्वय गरिरहेको जानकारी दिँदै गैर-वित्तीय पेसाकर्मी र व्यवसायीलाई 'गो-एएमएल सिस्टम'मा आबद्ध भई शङ्कास्पद कारोबार तथा गतिविधिका रिपोर्टिङ गर्न आग्रह गर्नुभयो ।

सो अवसरमा इकाइका उप-निर्देशक सचिनराज पियाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

डिजिटल वित्तीय ठगी नियन्त्रणसम्बन्धी अनुशिक्षण

डिजिटल वित्तीय ठगीलाई नियन्त्रणका निम्ति सरोकारवाला निकायबीचको सहकार्यलाई सबल बनाउने उद्देश्यका साथ वित्तीय जानकारी इकाइले मङ्सिर ३ गते काठमाडौँमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

नियामक निकाय, कानुन कार्यान्वयन गर्ने निकाय र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा 'गो-एएमएल सञ्चालन निर्देशिका'को कार्यान्वयन, रिपोर्टिङ र 'एसएमसी एप' सम्बन्धी ठगी प्रकरण र यसबाट उत्पन्न चुनौतीका विषयमा अनुशिक्षण केन्द्रित थियो ।

कार्यक्रममा नेपाल प्रहरी, साइबर ब्यूरोका उपरीक्षक सुन्दर तिवारीले 'एसएमसी एप' र यसबाट सिर्जित चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । इकाइका उप-निर्देशकद्वय बिष्णुप्रसाद गुरागाईं र सचिनराज पियाले 'एसएमसी एप' ठगीसम्बन्धी अनुसन्धानलाई प्रभावकारी बनाउन सरोकारवाला निकायबीच नियमित सूचना आदानप्रदान र यसबारे जनचेतना अभिवृद्धि हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा इकाइसँगै वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंक, भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक, नेपाल प्रहरी साइबर ब्यूरोका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले समापन मन्तव्य राख्दै बढ्दो क्रममा रहेको वित्तीय ठगीलाई नियन्त्रणका निम्ति सरोकारवाला निकायबीचको समन्वय र सहकार्य सुदृढ हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । इकाइका सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

धनगढीमा नोट सर्टिङ र शङ्कास्पद नोट पहिचानसम्बन्धी अनुशिक्षण

धनगढी कार्यालयले मङ्सिर १८ गते शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो।

बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा बैंकिङ विभागका सहायक निर्देशक दीपेश श्रेष्ठले शङ्कास्पद विदेशी मुद्रा पहिचान र बैंकिङ कारोबार सञ्चालनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विदेशी मुद्राका सुरक्षण विशेषता, रिपोर्टिङ प्रणाली र प्रचलित कानुनी व्यवस्थाबारे जानकारी दिनुभयो। कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक रुकु पन्थीले नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै नेपाली नोटका सुरक्षण चिह्न, जाली नोट परीक्षणका विधि, नोट सर्टिङको मापदण्डलगायतका विषयमा चर्चा गर्नुभयो।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसीले सहभागीबाट राखिएका जिज्ञासाउपर सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो। सो अवसरमा उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक हरिलाल भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

शङ्कास्पद मुद्रा पहिचान र सफा नोट नीतिसम्बन्धी अनुशिक्षण

विराटनगर कार्यालयले मङ्सिर २५ गते तेह्रथुमको म्याङलुङमा 'शङ्कास्पद/जाली मुद्रा पहिचान र सफा नोट नीति' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो।

कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा तेह्रथुमस्थित सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, जिल्ला प्रहरी कार्यालय, बचत तथा ऋण सहकारी संस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, शिक्षक र स्थानीय व्यवसायीको सहभागिता थियो।

सो अवसरमा कार्यालयका उप-निर्देशक अच्यूतकुमार थापाले नेपाली नोटको सुरक्षण विषेशता, जाली नोट पहिचान र सफा नोट नीतिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा निर्देशक रेग्मीले समापन मन्तव्य राख्दै नोटको हिफाजत, जाली नोट पहिचान, सफा नोट नीतिको कार्यान्वयनका निम्ति सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

सो अवसरमा कार्यालयका सहायक निर्देशक अनिष गुरागाईंले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक सुजनकुमार विश्वकर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

वीरेन्द्रनगरमा विप्रेषण कारोबारसम्बन्धी साक्षरात्मक कार्यक्रम

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले मङ्सिर ८ गते सुर्खेतको वीरेन्द्रनगरमा विप्रेषण कारोबारका सन्दर्भमा साक्षरात्मक कार्यक्रम आयोजना गऱ्यो ।

अनौपचारिक रूपमा हुने विप्रेषण कारोबारलाई निरुत्साहित गर्दै र इजाजतपत्र लिएर मात्र विप्रेषण कारोबार गर्नुपर्ने विषयमा केन्द्रित रहेर महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा सुर्खेतस्थित सरकारी कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश, सुर्खेत उद्योग वाणिज्य संघ, नेपाल बैंकर्स संघ-कर्णाली च्याप्टर, बैंक तथा वित्तीय संस्था, विप्रेषण कारोबार गर्ने सब-एजेन्ट, सहकारी संस्थाका प्रतिनिधि, स्थानीय शिक्षक र विद्यार्थीको सहभागिता थियो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक रमेशप्रसाद पराजुलीले 'अनौपचारिक रूपमा गरिने विप्रेषणको कारोबारलाई निरुत्साहित गर्ने' र सहायक निर्देशक रामकृष्ण राईले 'विप्रेषण कारोबार गर्न इच्छुक निकायले इजाजतपत्र मात्र लिएर गर्ने' सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणले अर्थतन्त्रमा पर्ने नकारात्मक असरबारे जानकारी दिँदै त्यसको नियन्त्रणका निम्ति सरोकारवालाको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मी र नेपाल बैंकर्स संघ, कर्णाली च्याप्टरका अध्यक्ष दिवाकरदत्त जोशीले अनौपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषण कारोबारलाई निरुत्साहित गर्ने उपायका सन्दर्भमा आ-आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा महाशाखाका निर्देशक आर्या जोशीले तेस्रो पारस्परिक मूल्याङ्कनको सन्दर्भबारे चर्चा गर्दै अनौपचारिक माध्यमबाट हुने विप्रेषण आप्रवाहलाई निरुत्साहित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सो अवसरमा नेपालगञ्ज कार्यालयका उप-निर्देशक मनोजकुमार केसीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने महाशाखाका सहायक निर्देशक प्रदिप बानियाँले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

टक्सार महाशाखाको अन्तरक्रिया

टक्सार महाशाखाले असर्फी, मेडालियन, पदक, स्मारिका सिक्काको उत्पादन र बिक्री तथा विभिन्न सरकारी निकायबाट प्राप्त हुने सुन चाँदीको गलान कार्यका सन्दर्भमा कात्तिक २५ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभिन्न सरोकारवाला सरकारी निकायका प्रतिनिधि र महाशाखाका कर्मचारीको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा विशेष अदालत, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौं जिल्ला प्रहरी परिसर, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, नेपाल बैंक लिमिटेड, नेपाल टेलिकम, त्रिभुवन विश्वविद्यालय र नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा सहायक निर्देशक राजेश अर्यालले महाशाखाको नियमित कामकारबाहीका सम्बन्धमा प्रस्तुति दिनुभयो भने महाशाखाका का.मु.निर्देशक प्रतिभा अधिकारीले सहभागीबाट उठेका जिज्ञासालाई सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभएको थियो । ■

दैलेखमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

सुर्खेत कार्यालयले मङ्सिर १६ गते दैलेखको नारायण नगरपालिकामा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

आर्थिक गतिविधिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालय र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्यमी र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका उप-निर्देशक सुदिप त्रिपाठीले आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या तथा चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र थापा र नारायण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बमबहादुर केसीको समेत उपस्थिति थियो ।

सो अवसरमा कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक सरिता अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

सिद्धार्थनगर, पोखरा र धनगढीमा समसामयिक विषयमा अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले मङ्सिर १ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक रमेश आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र शाखा प्रबन्धकहरूको सहभागिता थियो ।

सो अवसरमा निर्देशक आचार्यले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, 'जेन-जी आन्दोलन' र यसले अर्थतन्त्रमा पारेका प्रभाव, विभिन्न दबाब समूहबाट सिर्जित चुनौती एवम् वित्तीय ग्राहकका गुनासोको विषयमा चर्चा गर्नुभयो । छलफलका क्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिका तर्फबाट वित्तीय क्षेत्रका समसामयिक विषयमा आ-आफ्नो धारणा राखिएको थियो ।

कार्यक्रममा निर्देशक आचार्यले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिँदै सेवाग्राहीबाट गुनासो नआउनेगरी कार्यसम्पादन गर्न बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो ।

यसै गरी, पोखरा कार्यालयले मङ्सिर ३ गते समसामयिक विषयममा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक केशवप्रसाद तिमिल्सिनाको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमाससम्मको वित्तीय परिसूचक र समसामयिक विषयवस्तुलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिका तर्फबाट भदौ २३ र २४ गतेको घटनाका

कारण लगानीकर्तामा मनोबल घटेको, निक्षेप सङ्कलनको तुलनामा कर्जाको माग न्यून भएको, कर्जाको साँवा-ब्याज असुली प्रक्रियामा चुनौती थपिएको लगायतका विषयमा धारणा राखिएको थियो ।

कार्यक्रममा कार्यालयका निर्देशक तिमिल्सिनाले बैंक तथा वित्तीय संस्थाबाट प्राप्त सुझावलाई सम्बन्धित विभागमा जानकारी गराई आवश्यक नीतिगत सहजीकरणका लागि प्रयास गरिने बताउनुभयो । प्रधान सहायक राजेन्द्र लम्सालले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

धनगढी कार्यालयले मङ्सिर १२ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका निर्देशक केशवबहादुर केसीको सुदूर पश्चिमस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायीलगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा सहायक निर्देशक भोजराज भट्टले वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन सम्बन्धमा राष्ट्र बैंकद्वारा जारी 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' का मुख्य व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल बैंकर्स एसोसिएसन, सुदूरपश्चिम च्याप्टरका संयोजक तथा प्रादेशिक गुनासो व्यवस्थापन उपसमिति सदस्य विरुराम जैसीले ग्राहकबाट प्राप्त गुनासोको व्यवस्थापन गर्ने प्रमुख दायित्व सम्बन्धित वित्तीय सेवा प्रदायककै रहेको उल्लेख गर्दै गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा निर्देशक केसीले सुदूरपश्चिम प्रदेशमा वित्तीय साक्षरता न्यून रहेको परिप्रेक्ष्यमा वित्तीय साक्षरता अभिवृद्धिका निम्ति सबै पक्षको प्रयास हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा उप-निर्देशक मेघनाथ तिमल्सिनाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक सहदेव भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

बैंकको अवलोकन तथा वित्तीय साक्षरता कार्यक्रम

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले कात्तिक २३ र २४ गते विद्यालय तहका विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो ।

भक्तपुरस्थित विभिन्न विद्यालयका विद्यार्थीको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । यस क्रममा विद्यार्थीलाई बालुवाटारस्थित केन्द्रीय बैंकको अवलोकन भ्रमण गराई वित्तीय साक्षरताका विविध पक्षबारे जानकारी गराइएको थियो । सो अवसरमा महाशाखाका उप-निर्देशक निकी महर्जनले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, बचत, लगानी, कर्जा, विप्रेषण, बीमा, वित्तीय अनुशासन, डिजिटल भुक्तानीलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । साथै, विद्यार्थीको सहभागितामा वित्तीय साक्षरतासम्बन्धी खेलसमेत खेलाइएको थियो । कार्यक्रममा निस्ट स्कुलका कक्षा १० र युनिक नेपाल एकेडेमीका कक्षा ९ का विद्यार्थीको सहभागिता थियो ।

यसै गरी, महाशाखाले असोज २७ गते भक्तपुरस्थित जनप्रेमी वर्ल्ड स्कूलका विद्यार्थीको सहभागितामा यस्तै प्रकृतिको कार्यक्रम आयोजना गरेको थियो । सो अवसरमा कक्षा १० विद्यार्थीको सहभागिता थियो । ■

ज्ञान आदानप्रदान कार्यक्रम

विभिन्न विभाग/कार्यालयले २०८२ मङ्सिर महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै सिलसिलामा नेपालगञ्ज कार्यालयले मङ्सिर १० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक भक्तबहादुर लिम्बुले 'Payment System in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले भुक्तानी प्रणालीको परिचय, नेपालमा भुक्तानी प्रणालीसम्बन्धी नीतिगत व्यवस्था, भुक्तानीका साधन/उपकरण, डिजिटल भुक्तानी प्रणालीमा रहेका समस्या र चुनौतीलगायतका विषयमा चर्चा गर्नुभयो।

यसै गरी, सुर्खेत कार्यालयले मङ्सिर १२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा कार्यालयका प्रधान सहायक पंखप्रसाद आचार्य र सहायक सरिता अधिकारीले 'कर्णाली प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, २०८१/८२' शीर्षकमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँहरूले प्रतिवेदनको ढाँचा, प्रतिवेदनका मुख्य झलक, तथ्याङ्क सेवा प्रदायक निकाय, प्रतिवेदनको प्रकाशन प्रक्रिया, प्रतिवेदनका मुख्य समस्या र चुनौतीबारे जानकारी दिनुभयो।

वित्तीय जानकारी इकाइले मङ्सिर २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। इकाइका कर्मचारीहरूको सहभागितामा आयोजित कार्यक्रममा चार वटा प्रस्तुतिहरू समावेश गरिएको थियो। त्यस क्रममा उप-निर्देशक सचिनराज पियाले इकाइको कार्य समीक्षा र भावी कार्यदिशाबारे प्रस्तुति दिनुभयो भने सहायक निर्देशकद्वय सपना खत्री र किशोर महराले 'भर्चुअल एसेट'बारे अन्तर्राष्ट्रिय तालिममा सिकेका ज्ञान सीपबारे वार्ता प्रस्तुत गर्नुभयो। यस्तै, इकाइका प्रधान सहायकद्वय विवेश पोखेल र जनम थापाले 'गो-एएमएल सिस्टम'का विभिन्न विशेषताबारे चर्चा गर्नुभएको थियो। ■

वित्तीय स्थायित्व किन ? सन् १९९७ को एसियाली सङ्कटबाट के सिक्ने ?

टिकाराम तिमिल्सिना
उप-निर्देशक

१. पृष्ठभूमि

अर्थतन्त्रमा फरक समयमा भिन्नभिन्न प्रकारका समस्याहरू देखिन्छन् । कतिपय बजार संयन्त्रमार्फत सुधार गर्नु फलदायी हुन्छ भने केहीमा सरकारी हस्तक्षेप प्रभावकारी हुन्छ । विशेष परिस्थितिमा समस्याको गाम्भीर्यमा उचित ध्यान पुगेन भने दीर्घकालमा लागत महँगो पर्छ । त्यसले स्थितिलाई जटिल बनाउनेछ, जसको व्यवस्थापन कठिन हुनेछ; जस्तै: वित्तीय सङ्कट । वित्तीय स्थायित्वको सन्दर्भमा सदैव सचेत रहन आवश्यक छ । यसको निम्ति सङ्कटको सामना गरेका मुलुकहरूको मामला अध्ययन महत्त्वपूर्ण हुन्छ । यसले जोखिमको कारण, असर र सुरक्षित रहने उपायहरू सुझाउँछ ।

विश्वका धेरै मुलुक (खासगरी संयुक्त राज्य अमेरिका र युरोपेली देश) ले सन् २००८ मा ठूलो वित्तीय सङ्कटको सामना गरे । जसमा कैयौँले रोजगारी गुमाए । सम्पत्तिको मूल्यमा उच्च गिरावट आयो । ठूला बैंकहरू टाट पल्टिए । धेरै व्यावसायिक प्रतिष्ठान र उद्योग/कारखाना बन्द भए । सरकारी बजेटको ठूलो अंश अर्थतन्त्रको पुनरुत्थानमा खर्च भयो । विश्व अर्थतन्त्रको आकार खुम्चियो । यो सन् १९३० पछिकै ठूलो सङ्कट थियो । तथापि पश्चिमी देशहरूको बलियो सरकारी वित्त र चुस्त संस्थागत संरचनाले व्यवस्थापनलाई केही सहज बनायो । आर्थिक रूपले कमजोर मुलुकमा यस्तो पुनरुत्थान थप जटिल र असर झनै व्यापक हुने धेरै सोधहरूको निष्कर्ष छ । पश्चिमी देशहरूसँगको सीमित आवद्धताका कारण नेपाल र दक्षिण एसियामै पनि यसको ठूलो प्रत्यक्ष असर महसुस भएन ।

सन् २००८ को सङ्कटअघि १९९७ मा एसियाली देशहरूले यस्तै प्रकृतिको आर्थिक सङ्कटको सामना गरेका थिए । थाइल्याण्डबाट सुरु भएको सङ्कटको असर इण्डोनेसिया, मलेसिया, फिलिपिन्स, हङकङ हुँदै दक्षिण कोरिया र जापानसम्म पुगेको थियो । प्रस्तुत लेखमा उक्त सङ्कटबारे उल्लेख गर्दै नेपाल जस्ता मुलुकले सिक्नुपर्ने पाठका सन्दर्भमा चर्चा गर्ने जमर्को गरिएको छ:

२. वित्तीय सङ्कटको कारण: सैद्धान्तिक पक्ष

(क) डेट डिफ्फ्ल्यासन थियोरी

यो सिद्धान्त अमेरिकास्थित ऐल विश्वविद्यालयका प्रसिद्ध अर्थशास्त्री इरभिङ फिसरले सन् १९३३ मा १९३० को महामन्दीका सन्दर्भमा प्रतिपादन गरेका हुन् । उनका अनुसार उक्त मन्दी निजी क्षेत्रको अधिक ऋण र मूल्यको अधिक गिरावटको घातक संयोजन थियो । सिद्धान्तअनुसार अर्थतन्त्रमा निजी ऋणको बोझ धेरै भएको अवस्थामा जब वस्तु वा सम्पत्तिको मूल्य घट्न थाल्छ, ऋण भुक्तानी रकम स्थिर रहने तर आय र सम्पत्तिको मूल्य चाहिँ घट्ने भएकाले वास्तविक ऋणको भार बढ्छ । यसले ऋणीलाई ऋण तिर्ने प्रयोजनको लागि घर, स्टक, जमिन तथा अन्य सम्पत्ति सस्तोमा बेच्न बाध्य पार्छ । जसलाई प्राविधिक भाषामा 'फायर सेल' भन्ने गरिन्छ ।

जब यो प्रक्रिया सुरु हुन्छ, सामुहिक बिक्रीको दबाबले बजार मूल्य झन् तल झर्छ । व्यवसाय टाट पल्टिन थाल्छन् । बैंकहरूको कर्जा असुली प्रभावित हुँदा उनीहरू समेत कमजोर बन्दै जान्छन् । परिणामत: कर्जा प्रवाह घट्छ, लगानी विस्तार रोकिन्छ र बेरोजगारी दर बढ्छ । अन्तत: अर्थतन्त्र गहिरो मन्दी (depression) मा प्रवेश गर्छ ।

(ख) फाइनान्सियल इन्स्टाबिलिटी हाइपोथेसिस

हार्वड अर्थशास्त्री हाईमेन मिन्स्कीले प्रतिपादन गरेको यो सिद्धान्तमा अर्थतन्त्रका महत्त्वपूर्ण एजेन्टहरू (निजी क्षेत्र र घरपरिवार)को वित्तीय व्यवहार र त्यसले समग्र स्थायित्वमा पार्न सक्ने प्रभावको विश्लेषण गरिएको छ । 'डिवन्किङ इकोनोमिक्स'का लेखक अष्ट्रेलियाली प्राध्यापक स्टिभ केनले यही सिद्धान्तको आधारमा सन् २००८ को वित्तीय सङ्कटको सही पूर्वानुमान गरेपश्चात् यसले थप व्यापकता पाएको हो । मिन्स्कीका अनुसार वित्तीय सङ्कटहरू बाहिरि झट्का वा अनपेक्षित घटनाका कारणले मात्र उत्पन्न नभई अर्थतन्त्रकै आन्तरिक गतिशीलता र मनोवैज्ञानिक व्यवहारबाट क्रमश: निर्माण हुँदै जान्छन् ।

जसअनुसार जब अर्थतन्त्र लामो समयसम्म स्थिर, पूर्वानुमानयोग्य र लगातार वृद्धि हुन्छ यसले वित्तीय एजेन्टहरूले सुरक्षित महसुस गरी थप नाफा बढाउने अभिलाषाले क्रमश: जोखिम लिँदै जान्छन् । मिन्स्कीले समग्र चक्रलाई तीन अवस्थामा वर्णन गरेका छन् । पहिलो, हेज फाइनान्स, दोस्रो स्पेकुलेटिभ फाइनान्स र तेस्रो पोन्जी फाइनान्स । यी चरणमध्ये, हेज फाइनान्स दिगो वित्तीय अवस्था हो । यसमा ऋणीले अहिलेको नियमित आम्दानी (नगद प्रवाह) ले सहजै बैंकको साँवा/ब्याज भुक्तानी गर्न सक्छन् । स्पेकुलेटिभ फाइनान्सको चरणमा ऋणीको नगद प्रवाहले कर्जाको ब्याज तिरिरहेका हुन्छन् भने साँवा भुक्तानी चाहिँ गर्न सक्दैन । यसै गरी, पोन्जी फाइनान्स चरण अत्यन्तै संवेदनशील र जोखिमपूर्ण अवस्था हो । यसमा ऋणीको नगद प्रवाहले साँवा/ब्याज दुवैको भुक्तानी गर्न सक्दैन । यस्तो अवस्थामा सानो झट्का (ब्याजदर वृद्धि, आयमा गिरावट, सम्पत्तिको मूल्य घट्ने सङ्केत)ले समेत ऋण असुल नहुने जोखिम कैयौँ गुणाले वृद्धि हुन्छ । त्यसैले आगामी अवस्था कस्तो रहने (टाट पल्टिने, पोन्जी अवस्थामै रहने वा स्पेकुलेटिभमा स्तरोन्नति हुने) भन्ने कुरा सम्पत्तिको मूल्य थप बढ्ने वा स्थिर रहने वा घट्ने र बैंकबाट कर्जाको पुन:संरचना सुविधा प्राप्त हुने वा नहुनेमा निर्भर हुन्छ ।

(ग) फाइनान्सियल एक्सिलरेटर प्रिन्सिपल (बेन बर्नान्के र मार्क गर्टलर)

वित्तीय सङ्कटका सन्दर्भमा फेडरल रिजर्व बैंकका पूर्वप्रमुख बेन बर्नान्के र मार्क गर्टलरले 'फाइनान्सियल एक्सिलरेटर प्रिन्सिपल' पेस गरेका छन् । यो क्षेत्रमा गरेको योगदानको निम्ति बर्नान्केलाई सन् २०२२ मा नोबेल पुरस्कार दिइएको थियो । यसअनुसार कुनै आर्थिक झट्काले सम्पत्तिको मूल्यमा गिरावट हुँदा ऋणीहरूको वासलात कमजोर भई खुद सम्पत्ति (नेटवर्थ) र आम्दानी घट्छ । यसपश्चात्, बैंकले ऋणीको जोखिम भार वृद्धि गरी प्रिमियम बढाउनुका साथै कर्जाको मापदण्डमा कडाइ गर्छन् । परिणामत: राम्रा परियोजना भएका असल ऋणीका लागि कर्जा महँगो हुने भएकोले कर्जाको माग हुँदैन । यस्तो परिस्थितिका बाबजुद उच्च लागतको कर्जा माग गर्ने ऋणीहरू प्राय: कमसल र जोखिमयुक्त हुने भएकोले खराब छनोट (एड्भर्स सेलेक्सन) को अवस्थासमेत सिर्जना हुन्छ । यसले अर्थतन्त्रमा लगानी र उपभोग दुवैमा दबाब हुने र सम्पत्तिको मूल्य झन् घट्ने भएकाले खुद सम्पत्तिमा थप गिरावट आई अवस्था झनै कठिन हुन्छ । यो सिद्धान्तका आलोचकले भने मन्दीको समयमा ऋणीलाई थप कर्जाभन्दा पनि अर्थतन्त्रको समग्र मागमा नै सुधार हुनुपर्ने उल्लेख गरेका छन् ।

उनीहरूका विचारमा उपभोग सुधारको लागि मौद्रिक सहजीकरण (क्वान्टिटेटिभ इजिङ) भन्दा पनि प्रभावकारी वित्त नीति सङ्कट समाधानमा प्रभावकारी हुनेछ ।

३. एसियाली वित्तीय सङ्कट, १९९७

सन् १९९० को सुरुआतदेखि थाइल्याण्ड, मलेसिया, इण्डोनेसिया र फिलिपिन्स जस्ता पूर्वी एसियाली मुलुकले उच्च आर्थिक वृद्धि हासिल गरिरहेका थिए । त्यसैले ती मुलुकलाई विश्व बैंक र अन्य अन्तर्राष्ट्रिय संस्थाले 'एसियाली बाघका डमरु'को संज्ञा दिएका थिए ।

ती देशको विनिमय दर अमेरिकी डलरसँग स्थिर रहेकोले विदेशी लगानीकर्ताले सुरक्षित महसुस गरी अमेरिका, युरोप, जापान र कोरियाबाट ठूलो मात्रामा छोटो अवधिको विदेशी ऋण तथा सट्टेबाजी प्रयोजनको लागि वैदेशिक लगानी भित्रिएको थियो । बैंक र गैर-बैंकिङ वित्तीय संस्थाले समेत विदेशी पुँजी परिचालन गरी स्वदेशमा व्यापक कर्जा विस्तार गरेकोमा ठूलो अंश घरजग्गा र धितोपत्र बजारमा समेत प्रवाह भएकोले सम्पत्तिको मूल्यमा उछाल देखिएको थियो । त्यतिबेला ती मुलुकमा बैंकहरूको नियमन एकदमै कमजोर रहेकोले सोही रिक्तता प्रयोग गरी राजनीतिक पहुँच भएका कम्पनी, पुँजीबजार र घरजग्गामा बैंकहरूले उच्च परिमाणमा कर्जा प्रवाह गरेका थिए ।

जब जापानको मन्दीले थाइल्याण्डको निर्यातमा सङ्कुचन सुरु भयो, उच्च मुद्रास्फीतिका कारण अमेरिकाले ब्याजदर वृद्धि गर्दा ठूलो मात्रामा विदेशी पुँजी थाइल्याण्डवाट एकैपटक बाहिरिन थाल्यो । कैयौं पटकको हस्तक्षेपले पनि बजार नथामिएपछि सन् १९९७ जुलाईमा थाइल्याण्डले स्थिर विनिमयदर हटायो । लगानीकर्ताले एसियाली देशहरूबाट लगानी झिक्दा यसको प्रभाव मलेसिया, फिलिपिन्स, इण्डोनेसिया, हङकङ हुँदै जापान र दक्षिण कोरियासम्म पुग्यो । यसले सम्पत्तिको बिक्रीमा दबाब सिर्जना गर्दा मूल्य एकैपटक धेरै तल झ्र्यो । बैंकहरूको खराब कर्जा एकाएक माथि जान थाल्यो । त्यहाँका कैयौं कम्पनी र बैंकहरू टाट पल्टिए । अन्तर्राष्ट्रिय मुद्रा कोष, अमेरिका र अन्य मुलुकको पहलमा ठूलो परिमाणमा सार्वजनिक ऋण परिचालन गरी आर्थिक पुनरुत्थानका कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

यसरी निजी क्षेत्रतर्फ जाने कर्जाको उल्लेख्य वृद्धिले सम्पत्तिको 'मूल्य बबल', विदेशी मुद्रामा आधारित छोटो अवधिको ऋणमा निर्भरता, स्थिर विनिमय दर र कमजोर नियमनका कारण उत्पन्न असन्तुलन केही महिनामै गम्भीर वित्तीय, आर्थिक र राजनीतिक सङ्कटमा परिणत भयो ।

४. इण्डोनेसियाको राजनीतिक सङ्कट

सन् १९९७ को एसियाली वित्तीय सङ्कट इण्डोनेसिया प्रवेश गरेपछि यो मुलुक गम्भीर राजनीतिक सङ्कटतर्फ धकेलियो । रुपिया (इण्डोनेसियाको मुद्रा) अवमूल्यन भएर एकैपटक प्रतिडलर २,४०० बाट १७,००० हजार पुग्यो । कम्पनी र बैंकले विदेशी मुद्रामा लिएको ऋणको वास्तविक भारमा आकस्मिक वृद्धि भयो । ऋण तिर्ने क्षमता प्रभावित भएसँगै ठूलो सङ्ख्यामा कम्पनीहरू टाट पल्टिए । बैंकिङ प्रणालीमा खराब कर्जाको बिस्फोटपछि सन् १९९८ मा अर्थतन्त्र करिब १३.७ प्रतिशतले सङ्कुचन भयो । सोही समयमा खाद्यान्न र इन्धनको मूल्यवृद्धि, बेरोजगारी, भ्रष्टाचार, आसेपासे पुँजीवाद लगायतका कारणले ठूलो सङ्ख्याका मध्यम वर्गको जीवनस्तर खस्केपछि करिब तीन दशकदेखि शासन सत्तामा रहेको सुहार्तो सरकारको क्षमतामाथि प्रश्न उठ्न थाल्यो । यसैको असन्तुष्टिस्वरूप सन् १९९८ मा भएको हिंसाका कारण हजारभन्दा बढीले ज्यान गुमाए भने भौतिक सम्पत्तिको ठूलो क्षति भयो । अन्ततः ३२ वर्ष शासन गरेका सुहार्तोले २१ मे १९९८ मा पदत्याग गरे ।

५. नेपालको लागि पाठ

सिद्धान्ततः कुनै पनि देशको अन्तिम लक्ष्य भनेको उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी आफ्ना नागरिकको आर्थिक तथा सामाजिक हित प्रवर्द्धन गर्नु रहेको हुन्छ । यसको निम्ति वित्तीय स्थायित्वसहितको आर्थिक वृद्धि अनिवार्य सर्त हो ।

सरकारले बहुपक्षीय अन्तर्राष्ट्रिय निकायहरूबाट प्राप्त सहुलियत दरको वैदेशिक ऋण उपभोग गरिरहेको छ भने पुँजीगत खाता पूर्ण रूपमा खुला नभएका कारण बैंक, निजी क्षेत्र र घरपरिवारले स्वदेशी पुँजी नै परिचालन गरिरहेका छन् । यसले बाह्य क्षेत्रबाट प्राप्त हुनसक्ने लाभको लागतका सन्दर्भमा सो क्षेत्रको जोखिमबाट भने वित्तीय क्षेत्र सुरक्षित छ । निजी क्षेत्रले रोजगारी सिर्जना र उत्पादनमा मुख्य भूमिका खेलिरहेकोमा यही क्षेत्रले नै बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको ठूलो मात्राको वित्तीय स्रोत उपभोग गरिरहेको छ ।

विगतदेखि नै निजी क्षेत्रमा प्रवाह भएको बैंकहरूको कर्जा उच्च छ भने अन्य गैर-बैंकिङ वित्तीय संस्थाबाट पनि कर्जा प्रवाह भएको अवस्था छ । माथि उल्लिखित सिद्धान्तहरूलाई मान्ने हो भने निजी क्षेत्रमा प्रवाह भएको उच्च मात्राको कर्जाले हाम्रो वित्तीय अवस्थालाई संवेदनशील बनाएको छ ।

वितेका १० वर्षमा नेपाली अर्थतन्त्रले अनेकौं चुनौतीको सामना गऱ्यो । सन् २०१५ को भूकम्प, नाकाबन्दी, कोभिड-१९ महामारी, प्राकृतिक प्रकोप र हालैको 'जेन-जी आन्दोलन' । यस्ता घटनाका बाबजुद पनि वित्तीय स्थायित्वले लय चाहिँ गुमाएको छैन । यो हाम्रो प्रणाली सबलता हो । बैंकहरूको बलियो पुँजी आधार, राष्ट्र बैंकको दक्षता र प्रभावकारी विवेकशील नियमनका कारणले वित्तीय क्षेत्र हालसम्म सबल नै छ । यसै गरी, आर्थिक वृद्धि, मुद्रास्फीति र निजी क्षेत्रको कर्जा वृद्धि धनात्मक छ । वित्तीय प्रणालीमा तरलता पर्याप्त छ भने सम्पत्तिको मूल्यमा उल्लेख्य गिरावट देखिएको छैन । यसै गरी, उपभोगको मानको रूपमा लिइने आयातको प्रवृत्ति कायमै छ ।

आगामी दिनमा कुनै कारणले निजी क्षेत्र थप दबाबमा पऱ्यो र बैंकको कर्जा असुलीमा समस्या देखियो भने चाहिँ वित्तीय स्थायित्वमा त्यसको असर अवश्य पर्नेछ । वित्तीय क्षेत्र सुधारको लागि सन् २००० को दशकमा जस्तो सार्वजनिक ऋण परिचालन गर्नुपर्ने अवस्था प्रिय हुँदैन । त्यसैले आर्थिक गतिविधि प्रभावित नहुने वातावरण तयार गर्नु अहिलेको मुख्य आवश्यकता हो । यो नै वित्तीय स्थायित्वको निम्ति महत्त्वपूर्ण सर्त हो । ■

वित्तीय जोखिम र यसको व्यवस्थापन

पुष्पचन्द्र खनाल
सहायक निर्देशक

१. विषय प्रवेश

२०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनको क्रममा सार्वजनिक तथा निजी क्षेत्रले ठूलो भौतिक क्षति व्यहोर्नुपऱ्यो। लगत्तै असोज महिनामा आएको बाढी पहिरोका कारण खासगरी देशको पूर्वी भागमा जनधनको ठूलो क्षति भयो। हाल वित्तीय प्रणालीमा रहेको न्यून ब्याजदरले बैंक तथा वित्तीय संस्थाले ब्याजवापत सरकारलाई बुझाउने राजस्वमा ठूलो गिरावट आएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थ-राजनीतिक परिदृश्य, प्राकृतिक प्रकोप जस्ता परिस्थितिले पार्ने प्रभावका कारण सरकारी कोषमा दबाव सिर्जना हुन्छ, जसले वित्तीय लागतलाई बढाउँछ। यस्तो परिस्थितिलाई सम्बोधन गर्ने प्रमुख जिम्मेवारी सरकारकै हुन्छ। यस्ता दायित्वको व्यवस्थापनको लागि सामान्यतया बजेटको व्यवस्थापन गरिएको हुँदैन। यस्ता लागतलाई सम्बोधन गर्ने अन्तिम विकल्प भनेको सार्वजनिक ऋणको थप परिचालन वा नियमित बजेटमा भएका कार्यक्रमको कटौती नै हो। फलस्वरूप सार्वभौम संसद्ले पारित गरेको बजेट र कार्यक्रममा राखिएका पूर्वाधार निर्माणमा, स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रमा गरिने खर्चमा ह्रास आउँछ र आर्थिक वृद्धिमा समेत प्रतिकूल प्रभाव पार्दछ।

२. वित्तीय जोखिम

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार 'वित्तीय जोखिम' भनेको सरकारको वित्तीय प्रणालीमा आउने अप्रत्याशित घटना हुन्, जसले वित्तीय परिणामको अपेक्षा वा पूर्वानुमान (जस्तैः बजेट, आवधिक योजना) मा भिन्नता ल्याउँछन् र अवाञ्छनीय वित्तीय परिणामहरू निम्त्याउँछन्। यस्ता जोखिमका कारण सरकारलाई थप खर्च र/वा कम राजस्व उठ्न सक्छ जसले उच्च वित्तीय घाटा, ऋणको स्तरमा वृद्धि आदि जस्ता परिस्थितिलाई निम्त्याँउछ। आकस्मिक रूपमा सम्बोधन गर्नुपर्ने भएकाले यस्ता जोखिम सामान्यतया बढी महँगो हुने गर्छन्। वित्तीय जोखिमको आकार, समय र प्रकृतिले वित्तीय नीति निर्माणको लागि महत्त्वपूर्ण प्रभाव पार्छ। असल सार्वजनिक वित्त र समष्टिगत आर्थिक स्थायित्वसँगै वित्तीय पारदर्शिता र वित्तीय स्थिरता सुनिश्चित गर्न वित्तीय जोखिमको व्यवस्थापन महत्त्वपूर्ण हुन्छ। कोषले सन् २०१४ मा जारी गरेको आचारसंहिताले समेत सरकारले यस्ता जोखिमको निरन्तर अनुगमन र व्यवस्थापन गर्दै नियमित रूपमा प्रकाशन र विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

३. वित्तीय जोखिमको व्यवस्थापन

वित्तीय जोखिमको व्यवस्थापनअन्तर्गत विभिन्न प्रक्रियागत चरणहरू रहेका हुन्छन्। ती चरणहरूमा (क)जोखिमको पहिचान र मापन (ख)जोखिमको सम्बोधन (ग)जोखिमको सम्बोधनको लागि व्यवस्था, (घ)बाँकी (Residual) जोखिमको समायोजन र (ङ)वित्तीय जोखिमका सम्बन्धमा प्रकाशन र पारदर्शिता कायम गर्नु रहेको हुन्छ। जोखिमको पहिचान र मापनअन्तर्गत जोखिमको स्रोतको पहिचान गर्दै जोखिमको मापन र घटना घट्न सक्ने सम्भाव्यता निर्धारण गरिन्छ। सोपश्चात् आउने जोखिमको सम्बोधनको लागि जोखिमलाई कम गर्न प्रत्यक्ष नियन्त्रण, नियमन र अन्य व्यवस्था वा जोखिमको स्थानान्तरण वा विभिन्न हिस्सामा बाँडफाँट गरिन्छ। त्यसपछि पनि बाँकी रहने जोखिम व्यवस्थापनको वित्तीय व्यवस्थाको लागि बजेटमा व्यवस्था गरिन्छ वा अलग्गै कोष खडा गरिन्छ। यी सबै व्यवस्थालाई सम्बोधन गर्न सरकारले वित्तीय जोखिम रणनीति र विवरण, वित्तीय जोखिम रजिष्टर तयार गरी प्रकाशन गर्छ।

४. वित्तीय जोखिमको वर्गीकरण

वित्तीय जोखिमलाई सामान्यतया तीन प्रकारमा वर्गीकरण गरिएको छ।

(क) समष्टिगत बृहत् आर्थिक जोखिम

यस्ता जोखिमअन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक परिस्थितिबाट अर्थव्यवस्थामा पर्न सक्ने प्रभावबाट सिर्जना हुने जोखिम रहन्छन्। यसले देशको प्रक्षेपित र यथार्थ आर्थिक वृद्धिमा ठूलो परिवर्तन ल्याउँछ। अन्तर्राष्ट्रिय मुद्रा कोषको एक अध्ययनले कुनै पनि देशको लागि वित्तीय जोखिम सबैभन्दा चुनौतीपूर्ण रहेको देखाएको छ। यस्तो घटना प्रत्येक १२ वर्षमा एक पटक घटेको छ, जसको लागत कुल गार्हस्थ्य उत्पादनको नौ प्रतिशतसम्म लाग्न सक्छ (हे. चार्ट-१)। आर्थिक वृद्धिमा आउने उतारचढाव, मुद्रास्फीति, अन्तर्राष्ट्रिय व्यापारमा आउने उतारचढाव आदि यस जोखिमअन्तर्गत पर्दछन्। नेपालको हकमा यस्ता जोखिमका अतिरिक्त विप्रेषण आप्रवाहमा आउन सक्ने भारी गिरावट, विदेशी पर्यटक आगमनमा आउने कमी, वित्तीय बजारको ब्याजदरमा आउने उतारचढाव आदि पर्दछन्।

(ख) विशिष्ट जोखिम

राज्य सञ्चालनमा सरकारले विभिन्न निकायलाई



चार्ट-१: वित्तीय जोखिम आवृत्ति र औसत वित्तीय लागत

स्रोत : Fiscal Transparency Handbook (2018), IMF

प्रदान गरेका ग्यारेन्टीहरू, सार्वजनिक संस्थानका गतिविधिसँग सम्बन्धित सरकारका ग्यारेन्टीबाट उत्पन्न हुने जोखिम यस्ता जोखिमअन्तर्गत पर्छन्। साथै, प्रदेश र स्थानीय सरकारले ऋणको दायित्व पूरा गर्न नसक्ने अवस्था, सार्वजनिक-निजी साझेदारी परियोजनाका लागि दिइएका आश्वासन, जस्तैः Minimum Revenue Guarantee, Viability Gap Funding, प्राकृतिक प्रकोप/वातावरणीय (भूकम्प, महामारी, बाढी), सरकार माथि आउने कानुनी दावीले ल्याउन सक्ने वित्तीय लागत जोखिममा पर्ने गर्छन्।

(ग) संस्थागत जोखिम

विभिन्न वित्तीय चरहरूको पूर्वानुमानमा हुने कमजोरी, देशको शासन व्यवस्था, राजनीतिक उथलपुथल, महत्त्वपूर्ण जिम्मेवारी भएका कर्मचारीको परिवर्तन र सरुवा, कमजोर राजस्व सङ्कलन, अनियन्त्रित खर्च र आन्तरिक नियन्त्रणको अभाव, वित्तीय जोखिम आदि कारणले सिर्जना हुने जोखिमहरू संस्थागत जोखिममा पर्छन्।

५. नेपालमा वित्तीय जोखिम व्यवस्थापनको अवस्था

नेपालमा वित्तीय जोखिम व्यवस्थापनको लागि विभिन्न कानुनी तथा संस्थागत व्यवस्था प्रचलनमा छन्। नेपालको संविधान, सार्वजनिक ऋण व्यवस्थापन ऐन-२०७९, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ लगायतका कानुनी व्यवस्थाले सबै सरकारी संयन्त्रमा वित्तीय अनुशासन कायम गर्नुपर्ने, आन्तरिक तथा सार्वजनिक ऋणमा सीमा, अप्रत्याशित झट्काहरूलाई सम्बोधन गर्न आकस्मिक कोषहरूको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, तीन तहका सरकारका बीच राजस्व बाँडफाँटका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ जस्ता कानुनी व्यवस्था, खर्चको अख्तियारीलगायतका विषयको सन्दर्भमा आवश्यक नियमावली, विनियमावली आदि व्यवस्था गरिएको छ। अर्थ मन्त्रालयबाट प्रकाशित विवरण अनुसार सरकारले सार्वजनिक वित्तमा आउने सम्भावित खतराको पहिचान गर्न र तिनको न्यूनीकरणका निम्ति आवश्यक उपायको अवलम्बन गर्न वित्तीय जोखिम व्यवस्थापन (FRM) प्रणाली लागु गर्ने प्रतिबद्धता जनाएको छ। यस्ता व्यवस्थाका बाबजुद सन् २०२३ मा गरिएको नेपालको तेस्रो 'सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) विश्लेषणले नेपालको सार्वजनिक वित्त जोखिमको रिपोर्टिङमा 'डी' स्कोर प्राप्त गरेको छ, जुन सूचक वा आयामको लागि सबैभन्दा कम कार्यसम्पादन मूल्याङ्कनको अवस्था हो। अन्तर्राष्ट्रिय मुद्रा कोषसँग विस्तारित कर्जा सुविधाअन्तर्गत राखिएको सर्तमा नेपालले वित्तीय

चार्ट-२: नेपालको वित्तीय जोखिम म्याट्रिक्स



1. *Fiscal Impact: Defined as marginal impact of risk realization on fiscal deficit.*
2. *Likelihood of Realization: likelihood of risk exposure over the medium-term*

स्रोत : Fiscal Risk Statement and Strategies (2025), MOF

वित्तीय जोखिम व्यवस्थापनको कानुनी र संस्थागत संरचना सुदृढ गर्दै मानव पुँजीको विकास र प्रविधिको उपयोग गरी जोखिमको यथार्थ मापन र सही विश्लेषण, जोखिमलाई सम्बोधन गर्न आवश्यक बजेटरी व्यवस्था गरी देशको आर्थिक वृद्धिलाई अनुमानयोग्य र वित्त व्यवस्थापनलाई अनुशासित बनाउन आवश्यक छ।

जोखिम रजिस्टर तयार गर्ने र वित्तीय जोखिम व्यवस्थापनलाई संस्थागत गर्ने प्रतिबद्धतासमेत जनाएको थियो जुन पूरा भइसकेको छ।

सरकारले जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउनका निम्ति संस्थागत संरचना तयार गरेको छ। सरकारी वित्तीय जोखिमसँग सम्बन्धित विभिन्न निकायहरू जस्तैः अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, निक्षेप तथा कर्जा सुरक्षण कोष आदिका प्रतिनिधि सम्मिलित 'वित्तीय जोखिम समन्वय समिति' गठन भएको छ र सम्बन्धित संस्थाबाट आवश्यक पर्ने तथ्याङ्कलगायतका विषयमा सहजीकरण गर्न 'फोकल पर्सन' समेत तोकिएको छ। जोखिम व्यवस्थापनका निम्ति निर्दिष्ट गरिएका प्राथमिक लक्ष्यमा जोखिमका स्रोत पहिचान गर्ने, तिनको मापन र सम्भाव्यताको मूल्याङ्कन गर्ने, जोखिम न्यूनीकरण रणनीतिको व्यवस्था गर्ने र सम्भावित जोखिमलाई नजिकबाट अनुगमन र पारदर्शी ढङ्गले त्यसको प्रकाशन गनुपर्ने आदि छन्।

अर्थ मन्त्रालयले प्रकाशन गरेको वित्तीय जोखिम विवरण र रणनीतिसम्बन्धी विवरणअनुसार सरकारले सन् २०२३ मा वित्तीय जोखिम रजिस्ट्री विकास गरेर प्रभावकारी वित्तीय जोखिम व्यवस्थापनतर्फ प्रगति गरेको छ। उक्त रणनीतिअनुसार नेपालको सार्वजनिक वित्तमा आउनसक्ने जोखिमलाई विभिन्न प्रकारमा वर्गीकरण गरी जोखिम गणना गरिएको छ (हे. चार्ट-२)। मन्त्रालयले तयार गरेको 'तेस्रो राष्ट्रिय सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति, २०२५-३०' मा वित्तीय जोखिम व्यवस्थापनलाई एक मुख्य रणनीतिको रूपमा प्रस्तुत गरिएको छ। उक्त रणनीतिमा वित्तीय जोखिम व्यवथापनसम्बन्धी नीति, कानुनी र संस्थागत संरचना र वित्तीय जोखिम रजिस्टर तयार गर्ने तथा सम्भावित दायित्व र कोषमा व्यवस्था नगरिएका दायित्वलाई रेकर्डिङ र नियमन गर्ने, नयाँ वित्तीय उपकरणको पहिचान गर्ने र तीन वटै सरकारी निकायका सम्भावित दायित्वलाई अभिलेखीकरण गरी प्रकाशन गर्ने कार्यलाई समावेश गरिएको छ।

६. उपसंहार

सार्वजनिक वित्त व्यवस्थापनको एउटा महत्त्वपूर्ण आयाम वित्तीय जोखिम व्यवस्थापन हो। यसले अर्थतन्त्रमा आउने अप्रत्याशित घटनाक्रमले पार्नसक्ने वित्तीय भार कम गर्न सरकारलाई सहयोग गर्छ। नेपाल जस्तो राजनीतिक अस्थिरता, कमजोर अर्थतन्त्र र प्राकृतिक प्रकोपले प्रभावित देशका लागि यो विषय निकै महत्त्वपूर्ण रहेको छ। सरकारले हालै जारी गरेको वित्तीय जोखिम व्यवस्थापन रणनीति र कार्यक्रमलाई थप परिष्कृत गर्दै, समग्र राज्य सञ्चालनमा जोखिम संस्कृति निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। वित्तीय जोखिम व्यवस्थापनको कानुनी र संस्थागत संरचना थप सुदृढ गर्दै मानव पुँजीको विकास र प्रविधिको उपयोग गरी जोखिमको यथार्थ मापन र सही विश्लेषण, जोखिमलाई सम्बोधन गर्न आवश्यक बजेटरी व्यवस्था गरी देशको आर्थिक वृद्धिलाई अनुमानयोग्य र वित्त व्यवस्थापनलाई अनुशासित बनाउन आवश्यक छ। ■

Major Financial Indicators

as on Kartik End, 2082 (Mid-Nov, 2025)

		Class "A"	Class "B"	Class "C"	Overall
A. Credit, Deposit Ratios (%)					
1	Total Deposit/GDP	110.75	10.18	2.21	123.14
2	Total Credit/GDP	82.21	8.53	1.69	92.44
3	Total Credit/ Total Deposit**	74.24	83.85	76.34	75.07
4	CD Ratio*	73.34	84.18	76.52	74.28
5	Fixed Deposit/Total Deposit	45.20	43.12	63.63	45.36
6	Saving Deposit/Total Deposit	38.72	45.68	25.51	39.06
7	Current Deposit/Total Deposit	6.55	2.28	0.96	6.10
8	Call Deposit/Total Deposit	8.81	8.78	9.84	8.83
9	NPL/ Total Loan^	5.03	6.03	12.52	5.26
10	Total LLP /Total Loan	5.38	5.98	11.17	5.54
11	Deprived Sector Loan/Total Loan $^	5.28	6.11	5.38	5.36
B. Liquidity Ratios (%)					
1	Cash & Bank Balance/Total Deposit	7.84	6.52	7.38	7.72
2	Investment in Gov. Securities/Total Deposit	15.02	14.06	11.46	14.87
3	Total Liquid Assets/Total Deposit	23.53	22.05	23.56	23.41
C. Capital Adequacy Ratios (%)					
1	Core Capital/RWA	9.75	10.32	10.37	9.80
2	Total Capital/RWA	12.85	13.31	12.80	12.89
D. Financial Access					
1	No. of institutions	20	17	17	54
2	No. of Branches	5,104	1,134	291	6,529
3	No. of Deposit Accounts	52,214,179	7,615,107	1,041,847	60,871,133
4	No.of Loan Accounts	1,655,280	266,546	73,086	1,994,912
5	No. of Branchless Banking Centers	796	4	-	800
6	No. of Branchless Banking Customers	276,008	547	-	276,555
7	No. of Mobile Banking Customers	24,527,124	3,765,069	309,295	28,601,488
8	No. of Internet Banking Customers	1,698,405	608,449	19,344	2,326,198
9	No. of ATMs	4,890	339	39	5,268
10	No. of Debit Cards	12,492,826	1,276,302	80,194	13,849,322
11	No. of Credit Cards	314,597	3,482	-	318,079
12	No. of Prepaid Cards	259,530	4,330	-	263,860

E. Interest Rate(%)		
1	**Wt. Avg Interest Rate on Deposit**	**3.74**
	(a) Saving	2.98
	(b) Fixed	5.41
	(c) Call	0.88
2	**Wt. Avg Interest Rate on Credit**	**7.38**

Note:

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million (Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asoj end of FY2082/83 (2025/26)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

सुर्खेत कार्यालयमा तनाव व्यवस्थापन कार्यक्रम

सुर्खेत कार्यालयले मङ्सिर २७ गते तनाव व्यवस्थापन कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका कर्मचारीहरूको सहभागितामा आयोजित कार्यक्रममा योग प्रशिक्षक कृष्ण न्यौपाने (भुसाल) ले योग र ध्यान विधिबारे प्रशिक्षण दिँदै यसका महत्त्वबारे चर्चा गर्नुभयो ।

सो अवसरमा कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै विभिन्न कारणले सिर्जित तनावको न्यूनीकरण र व्यवस्थापनका निम्ति उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । कार्यालयका सहायक निर्देशक सागर मालाकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ मङ्सिर महिनामा विभिन्न दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यसै क्रममा केन्द्रले मङ्सिर ७ देखि १० गतेसम्म थापाथलीमा ‘Procurement Management in NRB' विषयक अधिकृत/सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो । १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा सार्वजनिक खरिदको कानुनी व्यवस्था, नेपाल राष्ट्र बैंकमा खरिद प्रक्रिया, बोलपत्र आह्वानको प्रक्रिया, करार व्यवस्थापन, कर पद्धति र भुक्तानी प्रक्रियाबारे सहभागीलाई प्रशिक्षण दिइएको थियो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले मङ्सिर २१ देखि २५ गतेसम्म पोखरामा सहायकस्तरीय ‘Central Banking' तालिम सञ्चालन गर्‍यो । १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा सहभागीलाई समष्टिगत आर्थिक स्थायित्व र मौद्रिक नीति, बैंक तथा वित्तीय संस्थाको नियमन/सुपरिवेक्षण, विदेशी विनिमय व्यवस्थापन र बाह्य क्षेत्र स्थायित्व, मुद्रा व्यवस्थापन, सरकारी खाता व्यवस्थापन, भुक्तानी तथा फछ्र्यौट प्रणाली, राष्ट्र बैंकको आन्तरिक नियन्त्रण प्रणालीलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । ■

अवकाश

विराटनगर कार्यालयका कार्यालय सहयोगी तृतीय सुनेन्द्रीदेवी डोमले २०८२ मङ्सिर ७ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्ष उमेर हदका आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
डा. सञ्जयप्रसाद मिश्र

सम्पादन सहयोगी
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

ले-आउट
संजीव दाहाल